गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

१६ साउन २०८१ | बुलेटिन संख्या #१४९९

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ५७

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४१ | ० | २ | १६ | १,१०,५०,००० | १४ | ६४ |

## हाइलाइट:

- बाढीबाट २ जना बेपत्ता, २ जना घाईते।
- चट्याङबाट ९, जनावर आक्रमणबाट ४ र आगलागीबाट १ गरी १४ जना घाईते।

## घटना सारांश:

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | दोलखा | कालिन्चोक गा.पा.- ९ चरिकोट सिंगटी भित्री सडक खण्डको कटुवाचौरमा बर्षाको कारण माथिबाट लेदो बगी आई बाटो अवरुद्ध । | ० | ० | ० | प्र.चौ.सुनखानीको टोली खटी बाटो खुलाउने कार्य भईरहेको । |
| | काभ्रेपलाञ्चोक | रोशी गा.पा.- ८ चारसय बेशी स्थित बि.पि.राजमार्गमा अबिरल बर्षादको कारण ऐ. स्थित खहरे खोलाबाट लेदो सहितको बाढी आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटी समन्वय गरि बाटो खुलाउने पहल भईरहेको । |
| | सिन्धुपाल्चोक | बाहविसे न.पा.- ५ शिरेसे स्थित अरनिको राजमार्गको बाहबिसे तातोपानी सडक खण्डमा अबिरल बर्षाका कारण माथिबाट ढुङ्गा, माटोसहितको लेदो आइ सडक अबरोध । | ० | ० | ० | ई.प्र.का.बाहबिसेको टोली खटी बाटो खुलाउन समन्वय भईरहेको । |
| | सिन्धुपाल्चोक | भोटेकोशी गा.पा.- २ दशकिलो स्थित अरनिको राजमार्गमा पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.कोदारीको टोली खटि बाटो खुलाउन समन्वय भईरहेको । |
| | सिन्धुपाल्चोक | बाहविसे न.पा.- ३ खागदल स्थित अरनिको राजमार्गको बाहबिसे तातोपानी सडक खण्डमा अबिरल बर्षाका कारण खागदल ठाडो खोलामा ढुङ्गा, माटोसहितको लेदो आइ ह्यूम पाईपको माथिबाट पानी बगि बाटो अबरोध । | ० | ० | ० | ई.प्र.का.बाहबिसेको टोली खटी गई बाटो खुलाउने कार्य भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिन्धुपाल्चोक | बलेफी गा.पा.- ८ जुरे स्थित अरनिको राजमार्गमा अबिरल बर्षाको कारण सडक माथिबाट लेदो माटो बग्दै आई सडक पुरिदा बाटो अबरोध । | ० | ० | ० | प्र.चौ.लामोसाँघुको टोली खटी बाटो खुलाउने पहल भईरहेको । |
| | काठमाडौं | तारकेश्वर नपा- ७ फुटुङ नागपोखरी स्थित एक घरमा बर्षाका कारण माथिबाट पहिरो जाँदा मेन गेट अगाडि पहिरो थुप्रिई गेटमा क्षति भई १० जना मानिस घरभित्रै थुनिएको । | ० | ० | ० | उद्दारको लागि JCB, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले पहिरो हटाउने कार्य जारी । |
| | ललितपुर | बागमती गापा.- ३ पाङदुर डोल स्थित अबिरल बर्षाको कारण पहिरो खसि कान्ती लोकपथ सडक खण्ड पूर्णरुपमा बन्द । | ० | ० | ० | प्रचौ भट्टेडाँडाको टोली खटि गएको । |
| | ललितपुर | महालक्ष्मी नपा- ९ सिस्नोखर्क स्थित लुभुबाट लाकुरी भञ्याङ् जाने बाटो अविरल वर्षाको कारण पहिरो आई बाटो अवरोध । | ० | ० | ० | प्रहरी प्रभाग लाकुरी भञ्याङ्गको टोली खटि गएको । |
| | लमजुङ्ग | अविरल बर्षाको कारण बेसीशहर मनाङ सडक खण्ड अन्तर्गत पर्ने बेसीशहर न.पा.- ६ खरखरे स्थित पहिरो आई बाटो पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.चौ.खुदीको टोली खटी बाटो खुलाउन आवश्यक पहल भईरहेको । |
| | रोल्पा | रोल्पा नपा.- ६ डिगा स्थित थवाङ घोराही शहिद राजमार्गमा माथिबाट आएको सुख्खा पहिरोले बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | प्रहरी चौकी कोटगाँउको टोली खटि खुलाउने पहल भईरहेको । |
| | दैलेख | भगवतीमाई गापा.- २ रुम स्थित एक घर र कुटाउने पिसाउने मिल समेत बर्षातका कारण माथिबाट पहिरो आई पूर्णरुपमा क्षति । | ० | ० | ० | प्र.चौ.बेस्तडाको टोली खटि गएको । |
| **बाढी** | भोजपुर | साल्पासिलिछो गापा- ४ गोथे बजार स्थित इखुवा खोलामा आएको बाढीले ईर्खुवा हाईड्रो पावरका कामदारहरु सेल्टर बनाई सुतिरहेको अवस्थामा बगाई ३ जना बेपत्ता भएकोमा १ जना घाईते अवस्थामा फेला परेको । | ० | २ | १ | प्र.चौ.चौकीडाँडा र ईप्रका दिङलाको टोली खटिई गई बेपत्ताको खोजी कार्य भईरहेको, घाईतेलाई उपचारको लागि स्वास्थ्य चौकी कुलुङ लगिएको । |
| | महोत्तरी | बर्दिबास न.पा.- ५ माईस्थान जंगल स्थित पूर्व पश्चिम राजमार्गको बेलगाछी खोलाको पुलको पश्चिम साइडको मुख अं.५/६ फिट बगाई बाटो पूर्णरुपमा अबरुद्ध। | ० | ० | ० | अ.प्र.पोष्ट माईस्थानको ट्राफिक समेतको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काठमाडौं | टोखा न.पा.- ९ दिपज्योती मितेरी पुल स्थित रारा कर्णाली खाजा घरमा काम गर्ने वर्ष २४ की एक महिला सुतिरहेको अवस्थामा अबिरल बर्षाको कारण बिष्णुमती खोलाको पानी पसी पानीमा डुवीरहेको घाईते अवस्थामा उद्धार । | ० | ० | १ | घाईतेलाई उपचारको लागि ग्रिनसिटी अस्पताल लगिएको । |
| | काठमाडौं | काठमाण्डौ मनपा- १४ कुलेश्वर लगायत विभिन्न एरियामा बर्षाको कारण बागमती खोलामा बाढी आई सुकुम्बासी टोलका ४ वटा घरहरुमा बाढी पसी डुबान । | ० | ० | ० | प्रभावित परिवारहरुको सकुशल उद्धार गरि आफन्तकोमा राखिएको । |
| | काभ्रेपलाञ्चोक | बनेपा न.पा.- ८ र १० पुलबजार एरिया र अरनिको राजमार्गमा बर्षाद र बिष्णुमती खोलाबाट आएको बाढीका कारण जलमय भई बनेपादेखि सांगा तर्फ जाने आउने सबै किसिमका सवारी साधनहरु अबरोध । | ० | ० | ० | - |
| | रसुवा | उत्तरगया गा.पा.- १ भाङ्गे झर्ना स्थित बेत्रावती मैलुङ स्याफ्रुबेशी कच्ची सडक खण्डमा अबिरल बर्षाको कारण माथिबाट भल बाढी आई सडक पूर्णरुपमा अवरोध, २ वटा बिजुलीका पोलहरु समेत ढलि क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट मैलुङको टोली खटि सडक मर्मतको लागि पहल भईरहेको । |
| | धादिङ्ग | गल्छी गा.पा.- ६ गर्दोखोला स्थित पृथ्वी राजमार्गमा अविरल बर्षाको कारण सडकको नाली बन्द भई पानी सडक माथि आउँदा सडक अबरुद्ध । | ० | ० | ० | JCB बाट नाला खोल्ने काम भइरहेको । |
| **अबिरल वर्षा** | उदयपुर | ताप्ली गापा.- ५ जुकेपानी स्थित अबिरल वर्षाका कारण एक कच्ची घरको पर्खाल लडी घर पूर्णरुपमा भत्किई २ लाख रुपैंया बराबरको क्षति, ४ जनाको परिवार आफन्तको घरमा बसेको । | ० | ० | ० | प्र.चौ.रुपाटारको टोली खटी गएको । |
| | भक्तपुर | सुर्यविनायक न.पा.- ८ पुरानो जगाती पुल नजिक रहेको कसर ओली कपास उद्योगमा अबिरल वर्षाको कारण पानी पसी कपास र तयारी भएको डसना, सिरानीहरु डुबी १० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | वृत्त जगातीको टोली खटि गएको । |
| | रोल्पा | रुन्टीगढी गापा- २स्थित एक घर अबिरल वर्षाका कारण भत्किई ४ लाख रुपैंया बराबरको क्षति, प्रभावित परिवार आफन्तको घरमा बसेको । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आगलागी | संखुवासभा | मादी न.पा.- २ मंगलबारे स्थित Goth The होटलमा अचानक आगलागी हुँदा प्र.चौ.मंगलबारेको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । | ० | ० | ० | होटल (कटेज) र सम्पूर्ण सामान जली ५५ लाख रुपैंया बराबरको क्षति । |
| | ईलाम | माङसेबुङ गा.पा.- ३ वालिङ स्थित कोचु दुध डेरीमा अचानक आगलागी भई फ्रिज, मेजरीङ मिटर, अन्य भाडावर्तन र घर समेत गरी ६ लाख रुपैंया बराबरको क्षति | ० | ० | ० | प्र.चौ.बाझोको टोली खटी गएको । |
| | सिरहा | कल्याणपुर न.पा.- ९ डुमरी स्थित NCELL टावरको BTX बक्समा अचानक विद्युत सर्ट भई आगलागी हुँदा १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. कल्याणपुर र NCELLको कर्मचारी सहितको टोली खटि गएको । |
| | रौतहट | राजदेवी न.पा.- ६ सेढवाटोल स्थित एक घरमा आगलागी हुँदा पराल, घर जली १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.छन्कीटोला र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | सर्लाही | बलरा न.पा.- १ सेर्वा टोल स्थित एक गोठ र परालको टालीमा आगलागी हुँदा गोठ, दमकल, पाईप र पराल जली १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटी स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | काठमाडौं | ठाकूरबाबा न.पा.- २ पर्तापुर घर भई हाल ललितपुर नखीपोट बस्ने वर्ष २४ का एक पुरुष मकारा क्याफेको भान्सामा काम गर्ने क्रममा ग्यास लिक भई आगलागी हुँदा घाइते। | ० | ० | १ | घाईतेलाई थप उपचारको लागि कीर्तिपुर अस्पताल लगिएको । |
| | काठमाडौं | काठमाण्डौ मनपा.- २५ असन बालकुमारी मन्दिर नजिकै रहेको एक धागो गोदाममा विद्युत सर्ट भई आगलागी हुँदा ३० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | नेपाली सेना तथा बृत्त जनसेवाको टोलीद्धारा आगो नियन्त्रण । |
| | कास्की | पोखरा म.न.पा.- ६ नारेश्वर चोक स्थित मुक्तिनाथ सपिङ सेन्टरमा बिजुलीको तार सर्ट भई अचानक आगलागी हुँदा सामानहरु जली क्षति, क्षतिको विवरण आउन बाँकि। | ० | ० | ० | व.प्र.का.बैदाम र शसस्त्र प्रहरी बल कालिका गणको टोली, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | बाँके | नेपालगंज उ.म.न.पा.- १ धम्बोजी चोक स्थित भे४प ६३४३ नं.को मो.सा. पार्किङ्ग गरी START गर्ने क्रममा एक्कासी आगलागी । | ० | ० | ० | प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | दार्चुला | शैल्यशिखर न.पा.- ३ दर्मा स्थित एक गोठ बाहिर किरा भगाउन बालेको आगोबाट एक्कासी आगलागी हुँदा भैंसी-१, गोरु-१ को मृत्यु, गोठ पूर्णरुपमा जली नष्ट । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चट्याङ्ग | पाँचथर | अविरल बर्षासंगै चट्याङ पर्दा फालेलुङ गा.पा.- ७ बिहिदिन स्थित एक घरमा बसिरहेको अवस्थामा वर्ष २७ की एक महिला घाईते, एक भैसीको मृत्यु । | ० | ० | १ | प्रचौ सिदिनको टोली खटि गएको । |
| | पाँचथर | फालेलुङ गा.पा.- ८, औशुभञ्याङ स्थित एक घरमा चट्याङ परि एकवटा सुँगुरको मृत्यु, विजुलीको वाईरिङमा समेत क्षति। | ० | ० | ० | - |
| | स्याङ्जा | पुतलीबजार न.पा.- २ ज्याङदी बस्ने वर्ष ६२ का एक पुरुष गोठमा गाईबस्तुलाई घाँस दिन जाने क्रममा चट्याङको झट्काले वेहोस । | ० | ० | १ | घाईतेलाई थप उपचारको लागि गण्डकी अस्पताल पोखरा रिफर गरिएको । |
| | दैलेख | भगवतीमाई गापा- ७ खगेना स्थित एक घरमा चट्याङ पर्न जाँदा वर्ष ३४ र १० का गरी २ जना पुरुष, वर्ष ११ र २८ का गरी २ जना महिला घाईते, गोठमा रहेको १ वटा भैसी र १ वटा गोरुको मृत्यु । | ० | ० | ४ | घाईतेहरुलाई उपचारको लागि जिल्ला अस्पताल दैलेख लगिएको । |
| | दैलेख | डुङ्गेश्वर गा.पा.- २ स्थित एक घरको आँगनमा चट्याङ पर्दा वर्ष ४० की एक महिला घाईते, मिटर बक्स, टि.भी. र धान जली क्षति । | ० | ० | १ | प्रहरी चौकी चुप्राको टोली खटी घाईतेलाई उपचारको लागि जिल्ला अस्पताल पठाईएको । |
| | जुम्ला | तिला गा.पा.- ७ देउली पाटन भन्ने स्थानमा चट्याङ पर्दा ऐ.बस्ने वर्ष ५६ र २५का गरी २ जना पुरुष घाईते, ६० वटा भेडाहरुको मृत्यु । | ० | ० | २ | प्र.चौ.रारालिहीको टोली खटी गएको । |
| जनावर आक्रमण | चितवन | भरतपुर म.न.पा.- १८ गाजिपुर बस्ने वर्ष ५८ का एक पुरुष ऐ.स्थित देविथान सामुदायिक वनमा घाँस काट्ने क्रममा गैडाले आक्रमण गर्दा घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि सरकारी अस्पताल भरतपुर लगिएको । |
| | पाल्पा | रिब्दीकोट गा.पा.- २ लघुवा बस्ने वर्ष ८१ का एक पुरुष र उनका ७१ वर्षिया श्रीमती आफ्नै घरको भान्सामा एक्कासी भाँडाकुँडा बजेको आवाज सुन्नासाथ गई हेर्ने क्रममा बाघ जस्तो देखिने जंगली जनावरले आक्रमण गर्दा दुवैजना घाईते। | ० | ० | २ | घाईतेहरुलाई उपचारको लागि लुम्बिनी मेडकल कलेज प्रभास लगिएको । |
| | कञ्चनपुर | शुक्लाफाटा न.पा.- ५ खजुवा बस्ने वर्ष ३० की एक महिला आफ्नै घर नजिकै गाई गोठमा गाईलाई घाँस हाल्ने क्रममा बाघले आक्रमण गरी घाइते । | ० | ० | १ | ईप्रका झलारीको टोली खटि गई घाइतेलाई उपचारको लागि T&c अस्पताल पठाएको । |
| जम्मा संख्या | | ४१ | ० | २ | १६ | |

❖ *नोट: साउन १५ गते विहान १०:०० बजे देखि साउन १६ गते विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

साउन १५ गते बिहान ०८:४५ बजे देखि साउन १६ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०४/१६ गते बिहान ०८:४५ बजे २०८ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ५३ र स्वचालित: १५५) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १८० वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा रुपन्देही जिल्लाको तिलोत्तमा केन्द्रमा (१८०.२ मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ७५ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र ९ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: साउन १५ गते बिहान ०८:४५ बजे देखि साउन १६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांश:




नक्सा २: साउन १५ गते बिहान ०८:४५ बजे देखि साउन १६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: साउन १४ गते साँझ ०५:४५ बजे देखि साउन १५ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १:५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण ।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| भक्तपुर, रौतहट, प्युठान, बाँके, धादिङ्ग, सोलुखुम्बु, कञ्चनपुर, स्याङ्जा, सिन्धुपाल्चोक, गुल्मी, दोलखा, कास्की, पाल्पा, दाङ, मकवानपुर, ललितपुर, तनहुँ काभ्रेपलाञ्चोक, पर्वत, लमजुङ, नुवाकोट, काठमाडौं, रापेछाप, चितवन, ओखलढुङ्गा | नवलपरासी पश्चिम, कपिलबस्तु, रुपन्देही, सर्लाही, महोत्तरी, बारा, सिन्धुली | - |

तालिका २: २०८१/०४/१६ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०४/१५ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ४ | ० |
| १५ देखि २० | १९ | १ |
| २० देखि २५ | २९ | ४ |
| २५ देखि ३० | ११ | १८ |
| ३० देखि ३५ | ० | २५ |
| ३५ देखि ४० | ० | १५ |
| जम्मा केन्द्र संख्या (वटा) | ६३ | ६३ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २७.५ डि.से./धनगढी (अत्तरिया), कैलाली | ३८.६ डि.से./गौर, रौतहट |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १३.२ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु | .से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal **र** www.facebook.com/ndrrma/videos **र** www.youtube.com/NDRRMA **मा जानुहोस्।**